नयाँ शक्ति निर्माण अभियानमा सहभागी बनौ !
वैकल्पिक राजनीतिको आधार तयार गरौं !!

# नयाँ शक्ति, नेपाल



# अन्तरिम पार्टी परिचालन निर्देशिका, आचारसंहिता र प्रतिबद्धता

# नयाँ शक्ति नेपालको
# अन्तरिम पार्टी परिचालन निर्देशिका, प्रतिबद्धता र आचारसंहिता

नयाँ शक्ति निर्माण अभियानमा सहभागी बनौ !
वैकल्पिक राजनीतिको आधार तयार गरौं !!

नयाँ शक्ति नेपाल
केन्द्रीय सचिवालय
बवरमहल, काठमाडौं नेपाल

# नयाँ शक्ति नेपालको
# अन्तरिम पार्टी परिचालन निर्देशिका, प्रतिबद्धता र आचारसंहिता

प्रकाशक
**नयाँ शक्ति नेपाल**
**सूचना, सञ्चार, प्रचार तथा प्रकाशन विभाग**
केन्द्रीय कार्यालय
बबरमहल, काठमाडौ

## विषयसूची


१. अन्तरिम पार्टी परिचालन निर्देशिका/५

२. नयाँ शक्ति अभियानमा संलग्न अभियन्ताहरूका लागि आचारसंहिता/२९

३. पाँच 'स' को प्रतिवद्धता/३२

४. प्रेस विज्ञप्ति (०७२ माघ १० गते जारी गरिएको ऐतिहासिक प्रेस विज्ञप्ति)/३६

# अन्तरिम पार्टी परिचालन निर्देशिका
# माघ, २०७२

नयाँ शक्ति निर्माण समकालीन नेपाली राजनीतिको सबैभन्दा युगीन, रचनात्मक र अपरिहार्य कार्यभार हो। यसले नेपाली राजनीतिलाई महत्वपूर्ण कार्यदिशा, शैली, सोच र संस्कृतिले सुसज्जित गर्ने छ। त्यसैले यो नेपाली राजनीतिको पुनर्संरचना गर्ने महत्वपूर्ण अभियान पनि हो। नयाँ शक्ति, नेपालको तत्कालीन अभियान स्वाधीनता, समृद्धि, सुशासन, सदाचार, समावेशी र समानुपातिक प्रणाली सहितको समाजवादका लागि वैकल्पिक राजनीतिक शक्ति निर्माणमा केन्द्रित हुनेछ। जसले नेपालमा समाजवाद उन्मुख बाम लोकतान्त्रिक शक्तिको विकास गर्दै समृद्ध र न्यायपूर्ण नेपाल निर्माण गर्ने अभिष्ट राखेको छ। नयाँ शक्ति, नेपालको केन्द्रीय तदर्थ परिषद्को घोषणासँगै यो अभियान संगठित राजनीतिक दल निर्माणको चरणमा प्रवेश गरेको छ। यो चरणलाई ब्यवस्थित गर्दै पहिलो महाधिवेशन सम्म पार्टीका राजनीतिक, वैचारिक तथा संगठनात्मक कामहरूलाई प्रभावकारी बनाउन नयाँ शक्ति, नेपालको अन्तरिम पार्टी परिचालन निर्देशिका ०७२ तयार गरिएको छ।

नयाँ शक्तिको वहसलाई रचनात्मक बनाउने, नयाँ शक्तिको पक्षमा जनपरिचालन गर्ने, विभिन्न नीतिगत बिषयहरूमा अध्यायन अनुसन्धान तथा ज्ञान निर्माणको प्रकृयालाई अगाडि बढाउने, दलका आधारभूत राजनीतिक, वैचारिक तथा संगठनात्मक दस्तावेजहरू तयार गर्ने, सामाजिक अभियानहरूको संयोजन र ब्यवस्थापन गर्ने र दलको पहिलो महाधिवेशनलाई भब्यतापूर्वक सम्पन्न गर्न आवश्यक कार्यभार पूरा गर्न यो निर्देशिकाले आधारभूत मार्गदर्शन गर्नेछ।

# खण्ड एक

# नाम, प्रारम्भ, आधारभूत प्रस्तावना

## १. नाम

यो निर्देशिकाको नाम "नयाँ शक्ति, नेपालको अन्तरिम पार्टी परिचालन निर्देशिका २०७२" रहनेछ।

## २. प्रारम्भ

नयाँ शक्ति, नेपालको अन्तरिम केन्द्रीय परिषद्को पूर्ण बैठकबाट पारित हुनासाथ यो निर्देशिका सम्वन्धित सबैमा तत्काल लागू हुनेछ। राष्ट्रिय महाधिवेशन वा अर्को कुनै आधिकारिक अंगवाट पारित विधानले यसलाई प्रतिस्थापन नगरेसम्म यो निर्देशिका क्रियाशील रहने छ।

## ३. परिभाषा

निर्देशिकामा प्रयोग भएका शब्दहरूलाई निम्न अनुसार परिभाषित गरिएको छ।

### ३.१. नयाँ शक्ति, नेपाल

नयाँ शक्ति, नेपाल भन्नाले नयाँ राजनीतिक शक्ति निर्माणकालागि क्रियाशील राजनीतिक अभियानको संगठित नाम बुझिनेछ।

### ३.२. अन्तरिम परिषद्

अन्तरिम केन्द्रीय परिषद् भन्नाले नयाँ शक्ति, नेपालको सम्पूर्ण नीतिगत, राजनीतिक

र संगठनात्मक कामको योजना बनाउने, निर्णय गर्ने र कार्यसम्पादनको अगुवाई गर्ने केन्द्रमा नेतृत्वदायी संरचनालाई बुझाउने छ। यस्तो संरचना प्रदेशमा प्रादेशिक परिषद्, जिल्लामा जिल्ला परिषद् र गाउँ, नगर वा वडामा सोही तहको परिषद् हुनेछन्।

### ३.३. सचिवालय

नयाँ शक्ति, नेपालका अन्तरिम केन्द्रीय परिषद्का संयोजक, प्रदेश संयोजक, विभागीय तथा गैरभौगोलिक जिम्मेवारी प्राप्त संयोजकहरू रहेको ५१ सदस्यीय एक कार्यकारी समूहलाई केन्द्रीय सचिवालय भनिनेछ। यस्तो सचिवालयमा परिषद् सदस्यहरूलाई आवश्यकता अनुसार मनोनयन वा आमन्त्रित गर्न सकिनेछ। परिषद्का तहगत संयोजक र विभागीय संयोजकहरू, तहगत भौगोलिक र गैरभौगोलिक संयोजक रहेको प्रदेश, जिल्ला र नगर, गाउँ तथा वडासम्म सचिवालयहरू हुनेछन्। सचिवालयहरू समानुपातिक र समावेशी बनाईनेछ।

### ३.४. विभागहरू

विभाग भन्नाले नयाँ शक्ति, नेपालको राजनीतिक, वैचारिक, संगठनात्मक तथा अन्य आवश्यक कामहरूलाई सम्पादन गर्न अन्तरिम केन्द्रीय परिषद्ले यो निर्देशिका अनुसार बनाएका विभागहरूलाई जनाउने छ। यस्ता विभागहरू आवश्यकता अनुसार परिषद्ले थप्न वा घटाउन सक्ने छ। विभिन्न तहका परिषद्हरूले आफ्नो कामको आधारमा केन्द्रमा रहेका विभागहरू तल्लो तहमा पनि बनाउन सक्नेछन्।

### ३.५. कार्यालय

कार्यालय भन्नाले नयाँ शक्ति, नेपालको कार्यालयलाई बुझाउने छ। यस्ता कार्यालयहरू केन्द्रमा एक र स्थानीय तहमा आवश्यकता अनुसार हुनेछन्।

### ३.६. कर्मचारी

कर्मचारी भन्नाले नयाँ शक्ति, नेपालको कार्यालयमा क्रियाशील कर्मचारीलाई बुझाउनेछ।

### ३.७. अभियन्ता

अभियन्ता भन्नाले नयाँ शक्ति, नेपालका केन्द्रदेखि स्थानीय तहसम्म क्रियाशील सम्पूर्ण नेता, कार्यकर्ता र सदस्यहरूलाई बुझाउने छ।

## ४. आधारभूत प्रस्तावना

नयाँ शक्ति, नेपालको संगठन सञ्चालन र जनपरिचालन अभियानहरू निम्न मूल प्रस्तावनामा आधारित हुनेछन्।

४.१ समावेशी, समानुपातिक र सहभागितामूलक लोकतन्त्रको मूल भावनाबाट परिचालित हुने। यसकालागि सबै तहमा आर्यखस, आदिवासी-जनजाति, मधेशी-थारू, महिला र दलितको अनुपातलाई मिलाउने। महिलाहरूको सबै समूहबाट कम्तीमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने।

४.२ देशको राष्ट्रिय स्वाधीनता र सावभौमिकता प्रति निष्ठावान रहने।

४.३ राज्य सञ्चालन पद्धतिमा सुशासन, सामाजिक न्याय, सदाचार र विकासलाई मूल ध्येय बनाउने।

४.४ साधा, सरल र मानवीय गरीमाको उन्नयनमा प्रतिवद्ध संस्कार र संस्कृति अवलम्वन गर्ने।

४.५ आर्थिक समृद्धि सहितको नेपाली बिशेषताको समाजवाद निर्माण गर्ने।

# खण्ड दुई
# संगठनात्मक पद्धति र कार्यप्रकृया

## ५. आधारभूत संगठनात्मक नीति

नयाँ शक्ति, नेपालको आधारभूत संगठनात्मक नीति निम्नानुसार हुनेछन्।

५.१ मधेस, पहाड र हिमाल जोड्ने त्रिभूजीय संगठनात्मक संरचना बनाउने।

५.२ समावेशी, समानुपातिक र सहभागितामूलक प्रणाली अपनाउने। सबै तहमा आर्यखस, आदिवासी जनजाति, मधेसी थारू, महिला र दलितको अनुपातलाई मिलाउने। महिलाहरूको सबै समूहबाट कम्तिमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने।

५.३ उमेर समूह (युवा, प्रौढ र जेष्ठ) को सन्तुलन मिलाउने।

५.४ महिला, दलित, मुस्लिम, अल्पसंख्यक, आन्दोलनमा घाईते, शहीद परिवार, वेपत्ता परिवार, प्राकृतिक अपांगता आदिको संगठनमा प्रतिनिधित्व गराउने।

५.५ संसारभर छरिएका नेपालीहरूलाई संगठनात्मक संयन्त्र मार्फत जोड्ने।

५.६ शान्तिपूर्ण आन्दोलन र जनपरिचालन गर्ने।

५.७ सदैव मानवअधिकारको सम्मान गर्ने।

५.८ सबै संगठनमा आन्तरिक लोकतन्त्र र सहभागितामूलक प्रणाली अवलम्वन गर्ने।

५.९ संगठनमा शक्ति पृथकीकरणको अभ्यासलाई अगाडि बढाउने।

५.१० प्रादेशिक कमिटीहरूलाई कार्यकारी र अधिकार सम्पन्न गर्ने वैधानिक व्यवस्था गर्ने।

## ६. संगठनात्मक संरचना र सञ्चालन

६.१ अर्को ब्यवस्था नभएसम्म पार्टीको सर्वोच्च अंग अन्तरिम केन्द्रीय परिषद् हुनेछ।

६.२ प्रत्येक सदस्यहरू पार्टीको सिद्धान्त, नीति र उद्देश्यको परिपालनामा प्रतिवद्ध हुनेछन्।

६.३ सबै समितिहरूमा गरिने निर्णयहरू प्रत्यक्ष लोकतन्त्रको अभ्यासबाट हुनेछन्।

६.४ सबै सदस्यहरू समान हैसियतका हुनेछन्। उनीहरूको सार्वभौमिकतालाई सम्मान गरिनेछ।

६.५ प्रत्येक अभियन्ता र सदस्यहरूलाई संगठनको पूर्ण सूचनाको हक हुनेछ। वैठकको सूचना, प्रस्ताव, निर्णय र कार्यान्वयनको अवस्थाबारे सबैलाई समयमै जानकारी गराईने छ।

६.६ बैठकको गणपुरक संख्या जम्मा सदस्यको ५१ प्रतिशत हुनेछ। बैठक बस्न गणपुरक संख्या आवश्यक हुनेछ। तर दुईपटक सम्म पनि बैठक बोलाउदा गणपुरक संख्या नपुगेमा उपस्थित सदस्यले गरेको निर्णयनै वैठकको निर्णय हुनेछ।

६.७ आकस्मिक नीतिगत निर्णय लिनुपरेमा कम्तिमा सचिवालयको राय लिनुपर्ने छ। रायका आधारमा पछि अनुमोदन गर्ने गरी आकस्मिक कामलाई अगाडि बढाउन सकिने छ।

## ७. यो निर्देशिकाका उद्देश्यहरू

७.१. नयाँ शक्ति निर्माणको कामलाई रचनात्मक बनाउने, जनसम्पर्क विस्तार र जनपरिचालन गर्ने, संगठनका कामहरूको संयोजन र ब्यवस्थापन गर्ने, पछिल्ला राजनीतिक ज्ञान र निश्कर्षहरूको अभिलेखन, वैचारिक, सांगठनिक र नीतिकार्यक्रमका दस्तावेजहरूको निर्माण र प्रकाशन तथा नयाँ शक्तिको पक्षमा जनमत सृजना गर्ने कामको सहभागितामूलक पद्धतिबाट संयोजन र ब्यवस्थापन गर्नुनै निर्देशिकाको उद्देश्य हुनेछ।

७.२. नयाँ शक्तिले स्थापित गर्न खोजेका राजनीतिक अवधारणा, शैली, संस्कृति, मान्यता र प्रयोगहरूको प्रवर्द्धन तथा प्रचार-प्रसार गर्न आवश्यक दिशानिर्देश गर्ने।

७.३. नयाँ शक्तिको पहिलो राष्ट्रिय महाधिवेशन आयोजक समितिको सचिवालयको रूपमा सम्मेलनको भव्य आयोजना र दल निर्माणको कामलाई व्यवस्थित र प्रभावकारी बनाउन मार्गदर्शन गर्ने।

## ८. नयाँ शक्ति, नेपालको अन्तरिम संरचनाहरू

नयाँ शक्ति, नेपालका संरचनाहरू निम्नानुसार हुनेछन्

### ८.१ केन्द्रीय संरचना

क. अन्तरिम केन्द्रीय परिषद्

ख. अन्तरिम केन्द्रीय सल्लाहकार परिषद्

ग. अन्तरिम केन्द्रीय सचिवालय

### ८.२ प्रादेशिक अंग

क. अन्तरिम प्रादेशिक परिषद्

ख. अन्तरिम प्रादेशिक सल्लाहकार परिषद्

ग. अन्तरिम प्रादेशिक सचिवालय

### ८.३ जिल्लाका अंग

क. अन्तरिम जिल्ला परिषद्

ख. अन्तरिम जिल्ला सल्लाहकार परिषद्

ग. अन्तरिम जिल्ला सचिवालय

### ८.४ गाउँ वा नगरपालिकाका अंगहरू

क. अन्तरिम गाउँ वा नगरपालिका परिषद्

ख. अन्तरिम गाउँ वा नगरपालिका सल्लाहकार परिषद्

ग. अन्तरिम गाउँ वा नगरपालिका सचिवालय

### ८.५ प्रारम्भिक अंगहरू

गाउँ, टोल, वार्डहरूमा आवश्यकता अनुसार प्रारम्भिक ईकाईहरू निर्माण गर्न सकिने छ।

### ८.६. सदस्यसम्बन्धी ब्यवस्था

८.६.१. न्यूनतम नीति, कार्यक्रम र विचार स्वीकार गरेको हुनुपर्ने।

८.६.२. सार्वजनिक छवी नविग्रीएको १८ बर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्ने।

८.६.३. तोकिएको सदस्यता शुल्क तिर्नुपर्ने।

### ८.७. सदस्यको अधिकार

८.७.१. सदस्यहरू पार्टीको सार्वभौम ईकाई हुनेछन्। सदस्यले खास विधिबाट बनाईएका पार्टीका वैधानिक अधिकारहरूको उपयोग गर्दै सबैखाले प्रकृयाहरूमा आफ्नो सहभागिता जनाउन पाउने छ।

## ९. परिषद्को ढाँचा र सचिवालयका मुख्य जिम्मेवारी

### ९.१ परिषद्को ढाँचा

९.१.१ केन्द्रीय परिषद्मा राख्ने सदस्य संख्या आवश्यकता अनुसार सचिवालयले निर्धारण गर्न सक्नेछ। प्रादेशिक परिषद्मा १५१ जना, जिल्ला परिषद्मा १०१ जना, नगर परिषद्मा ५१ जना र गाउँ परिषद्मा ३१ जना सदस्यहरू रहने छन्।

९.१.२. प्रारम्भिक अंगहरूमा २ देखि २५ जनासम्म सदस्य भएपछि सो को भेला वोलाई ईकाई गठन गर्ने अधिकार रहनेछ। गाउँपालिकाको भेला बोलाउन कम्तिमा ५० देखि माथि संख्यामा सदस्यहरू हुन आवश्यक छ। १०० जनाभन्दा माथि सदस्यहरू भएको नगरमा नगरभेला आयोजना गरी नगर परिषद् गठन गर्न सकिनेछ। २०० जना सदस्य भएको जिल्लाले जिल्ला भेला आयोजना गरी जिल्ला परिषद् गठन गर्न सक्नेछ। प्रदेशतहमा ५०० सदस्य भएमा प्रादेशिक भेला बोलाउन सकिनेछ।

९.१.३. सबै भेलाहरूले माथि उल्लेखित संगठनात्मक सिद्धान्त र यो निर्देशिकाको मूल भावना अनुसार काम गर्नु पर्नेछ।

९.१.४ सबै भेलाहरूलाई उत्प्रेरणा दिन माथिल्लो परिषद्बाट प्रतिनिधिहरू बोलाउनु पर्नेछ। भेलाको वैधता र विधिको परिक्षण उत्प्रेरकहरूले गर्नेछन्।

९.१.५. तहगत भेला बोलाउनु अगाडिको कार्यसम्पादन गर्न सो तहका केन्द्रीय तदर्थ परिषद् सदस्यहरूले यो निर्देशिका अनुसार अन्तरिम निर्णय गरी

सम्वन्धित तहमा सदस्यता वितरण र भेला आयोजना गर्ने संयन्त्र निर्माण गर्न सक्नेछन् ।

९.१.६ गाउँ वा नगर भेलामा सो तहका सबै सदस्यहरू सहभागी हुनेछन् । तोकिएको परिषद् सदस्यभन्दा बढी सदस्य भएका प्रदेश र जिल्ला भेलामा प्रतिनिधिहरू छान्ने कार्यविधि आयोजकहरूले बनाउने छन् । यस्तो कार्यविधिलाई केन्द्रीय संगठन विभागले स्वीकृति दिनु पर्नेछ ।

९.१.७ मातहतमा विभागहरू बनाउने निर्णय सोही तहको परिषद्ले गर्नेछ । केन्द्रीय विभागहरूले सो प्रकृयामा सहजीकरण गर्न सक्नेछन् ।

९.१.८ विभागका सदस्यहरूको थपघट र कार्यविभाजन सम्वन्धित अन्तरिम परिषद्ले गर्ने छन् ।

९.१.९ अन्तराष्ट्रिय विभागले भारतमा छुट्टै अन्तरिम शाखा र अन्य देशहरूमा महादेशीय शाखाहरू गठन गर्न सक्नेछ ।

## ९.२ अन्तरिम परिषद् सचिवालय

९.२.१. तहगत परिषद्का निर्णयहरू कार्यान्वयन गर्ने अंगको रूपमा केन्द्रीय संयोजक, विभागीय प्रमुखहरू, प्रादेशिक संयोजक र मोर्चा प्रमुख रहेको केन्द्रमा ५१ सदस्यीय एक र अन्य तहमा पनि तहगत सोही अनुसार एक एक सचिवालय हुनेछन् ।

९.२.२. हरेक तहका सचिवालयहरू स्वयंमा आत्मनिर्भर हुनेछन् । हरेक सचिवालयले आफ्नो आर्थिक स्रोत-साधन परिचालन र व्यवस्थापनको योजना आफैं बनाई कार्यान्वयन गर्नेछन् ।

९.२.३. सचिवालयको ब्यवस्थित र कार्यमुखी कार्यालयहरू हुनेछन् ।

## ९.३ व्यावसायिक कर्मचारी तथा स्वयंसेवीहरू

९.३.१. केन्द्रीय सचिवालय वा अन्य सचिवालयका कामहरूलाई व्यावसायिक दक्षताकासाथ सम्पादन गर्ने कर्मचारीहरूको समूह हुनेछ । यस्ता कर्मचारीहरू बिशेषतः लेखा र प्रशासनमा कार्यरत रहनेछन् । कर्मचारीहरूको कामको अनुगमन सचिवालय व्यवस्थापन तथा अनुगमन विभागले गर्नेछ ।

९.३.२ सचिवालयका लेखा र प्रशासनिक कामहरूलाई ब्यवस्थापन गर्ने लेखा र प्रशासन हेर्ने एक एक जना अधिकृत स्तरका कर्मचारी हुनेछन् । प्रशासन अधिकृतको मातहतमा तत्कालका लागि एक जना आईटी, एकजना

सूचना तथा जनसम्पर्क, दुईजना सहायक र दुईजना सुरक्षा कर्मचारीहरू रहनेछन् ।

९.३.३. आवश्यकता अनुसार कर्मचारीहरूको तह र संख्या सचिवालयले मिलाउने छ ।

९.३.४. कर्मचारीहरूको समूह नयाँ शक्तिप्रति आस्थावान, बिषयगत दक्षता भएका हुनेछन् ।

९.३.५. केन्द्रीय कार्यालयमा कर्मचारी नियुक्तिसम्बन्धी निर्णय सचिवालयले गर्नेछ ।

९.३.६. विभिन्न तहका सचिवालयहरू आवश्यकता र स्रोतको आधारमा क्रियाशील हुनेछन् ।

९.३.७. सचिवालयहरूमा बिषय विज्ञका रूपमा योगदान गर्न ईच्छुक व्यक्तिहरू खासगरी युवाहरूलाई स्वयंसेवीको रूपमा सेवा गर्ने अवसर दिईने छ ।

**९.४. विभागहरू**

९.४.१. केन्द्रीय सचिवालयमा कम्तिमा ३ र बढीमा १३ सदस्यीय विभिन्न बिषयगत विभागहरू हुनेछन् । विभागमा एकजना विभागीय संयोजक र सदस्यहरू रहने छन् । आवश्यकता अनुसार परिषद्को निर्णयबाट विभागहरू थपघट गर्न र विभागीय संरचनालाई तल्लोतहसम्म लैजान सकिने छ ।

९.४.२. पहिलो चरणमा निम्नानुसार विभागहरू हुनेछन् ।

१. राजनीतिक विभाग

२. सचिवालय व्यवस्थापन तथा अनुगमन विभाग

३. संगठन विभाग

४. प्रशिक्षण विभाग

५. आर्थिक ब्यवस्थापन तथा सुशासन विभाग

६. सूचना, सञ्चार, प्रचार तथा प्रकाशन विभाग

७. अन्तर्राष्ट्रिय विभाग

८. उत्पादन तथा दीगो आर्थिक विकास विभाग

९. सामाजिक अभियान परिचालन विभाग

१०. नीति अध्ययन तथा अनुसन्धन विभाग

११. महिला शसक्तीकरण विभाग

१२. दलित तथा अल्पसंख्यक समुदाय विभाग

१३. संघीय मामिला तथा स्थानीय विकास विभाग

१४. साँस्कृतिक विभाग

१५. शहीद, वेपत्ता परिवार र घाईते/अपांग व्यवस्थापन विभाग

१६. सदन, सरकार, राज्य समन्वय विभाग

१७. सहकारी तथा स्वरोजगार विभाग

१८. कृषि तथा भूमी मामिला विभाग

१९. उद्योग, वित्त, वाणिज्य तथा पर्यटन विभाग

२०. गैरसरकारी संघसंस्था संयोजन विभाग

२१. प्राकृतिक प्रकोप/विपद् व्यवस्थापन विभाग

२२. स्वास्थ्य तथा योग साधना विभाग

२३. युवा तथा खेलकुद विभाग

२४ .शिक्षा विभाग

२५. सुरक्षा विभाग

२६. जलस्रोत, उर्जा तथा भौतिक पूर्वाधार विकास विभाग

२७. प्राकृतिक साधन-स्रोत तथा वातावरण संरक्षण विभाग

२८. कानुन तथा मानवअधिकार विभाग

२९. सुकुम्वासी व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग

**९.४.३. विभागका मुख्य जिम्मेवारीहरू निम्नानुसार रहनेछन :**

*९.४.३.१.राजनीतिक विभाग*

नयाँ शक्ति, नेपालको राजनीतिक कामको संयोजन र ब्यवस्थापन गर्न राजनीतिक विभाग गठन गरिएको छ। वैचारिक तथा संगठनात्मक प्रस्ताव, विधान, नीति तथा कार्यक्रमको दस्तावेज लेखन, राजनीतिक अभियानको रेखदेख र बृहत्तर संवादका कामलाई यो विभागले अगाडि बढाउने छ। दल निर्माण, विभिन्न समूहसँगको एकता र सहकार्यकालागि वार्ता, राजनीतिक मुद्दाको निरूपण र समग्र देशका राजनीतिक सवालमा पार्टीको पहल र अगुवाई बढाउन राजनीतिक विभाग क्रियाशील हुनेछ।

*९.४.३.२. केन्द्रीय सचिवालय ब्यवस्थापन तथा अनुगमन विभाग*

नयाँ शक्तिको केन्द्रीय सचिवालयले गरेका निर्णयहरूको कार्यान्वयनका लागि वातावरण बनाउनु, केन्द्रीय कार्यालयको ब्यवस्थापन र निर्णय कार्यान्वयनको अवस्था अनुगमन गर्नु केन्द्रीय सचिवालय ब्यवस्थापन तथा अनुगमन विभागको मुख्य काम हो।

सचिवालयले गरेका निर्णयहरूको कार्यान्वयनकालागि सघाउने, विभिन्न विभागहरू बीच समन्वयन (पुलको काम) गर्ने, सचिवालयका निर्णयहरू कार्यान्वयनको अवस्था अनुगमन गर्ने र मासिक, अर्धबार्षिक र बार्षिक प्रतिवेदन तयार गरी सचिवालयमा पेश गर्ने यो विभागको दायित्व हुनेछ। यो विभागले केन्द्रीय कार्यालयको प्रभावकारीतालाई समेत सुनिश्चित गर्नेछ। विभागले देशभरिका कामहरूको अभिलेखन गर्ने र त्यसलाई संरक्षण गर्नेछ। पार्टीको केन्द्रीय कार्यालय र अभियन्ताहरूको बीचमा प्रभावकारी सम्वन्ध विकासका लागि यो विभागले काम गर्नेछ।

*९.४.३.३.संगठन विभाग*

नयाँ शक्तिमा जोडिन चाहने सबैलाई संगठित गर्न संगठन विभाग रहनेछ। विभागले नयाँ शक्तिमा सदस्यता लिन चाहनेहरूको अभिमुखीकरण, सदस्यता वितरणको विधि, संगठन सञ्चालन, सदस्यहरूको अभिलेखन जस्ता कामहरूको संयोजन गर्नेछ। संगठन विभागले विभिन्न तहका संगठनहरूको सम्मेलनको कार्यविधि बनाउने र कार्यान्वयन गर्नेछ। संगठन विभागमा प्रादेशिक संयोजकहरू सदस्य हुनेछन्।

*९.४.३.४. प्रशिक्षण विभाग*

नयाँ शक्तिको राजनीतिक, सांगठनिक र कार्यक्रमिक प्रशिक्षणका लागि प्रशिक्षण विभागको ब्यवस्था गरिएको छ। यसले नयाँ शक्तिको सिद्धान्त र भावना बमोजिमका विषयवस्तुको ज्ञान र सीप हासिल गर्नको लागि अध्ययन तथा तालिमहरूको योजना बनाउने, पाठ्य सामाग्री तयार गर्ने र प्रशिक्षणहरू आयोजना गर्नेछ।

*९.४.३.५. आर्थिक ब्यवस्थापन तथा सुशासन विभाग*

नयाँ शक्ति, नेपालको आर्थिक तथा प्रशासनिक ब्यवस्थापनको दायित्व यो विभागमा रहने छ। आर्थिक स्रोतहरूको खोजी, आर्थिक संकलन, नियन्त्रण र ब्यवस्थापन, आर्थिक शुसासन तथा पारदर्शिता, लेखापरीक्षण र यसलाई  सार्वजनिक गर्ने कामहरू यो विभागले हेर्नेछ। यो विभागले नयाँ शक्तिको सुशासनको आधारभूत निर्देशिका तयार गरी त्यसको अभिमुखीकरण र कार्यान्वयनको वातावरण समेत बनाउने छ। आर्थिक तथा प्रशासनिक कामहरूको ब्यवस्थापन र सुशासनको प्रत्याभूति दिनु यो विभागको मुख्य भूमिका हुनेछ।

*९.४.३.६.सूचना सञ्चार, प्रचार तथा प्रकाशन विभाग*

नयाँ शक्ति, नेपालको प्रचार प्रसारको मुख्य दायित्व यो विभागमा रहने छ। विभिन्न प्रचार सामाग्रीहरू बनाउने, लेख रचनाहरू तयार गर्ने, आमसञ्चार र जनसम्पर्क निर्माणकालागि रणनीति बनाउने र त्यसको कार्यान्वयन गर्ने काम यो विभागले हेर्ने छ। यो विभागले नियमित बुटेलिन र जर्नलको प्रकाशन तथा विभिन्न विद्युतीय सामाग्रीहरूको उत्पादन गर्नेछ। सामाजिक सञ्जालहरूको प्रयोग, इन्टरनेटको माध्यमवाट सूचना तथा दस्तावेज आदान प्रदान र नागरिक संवाद गर्ने कामलाई विभागले अगाडि बढाउने छ। यो विभागले प्रचार रणनीति बनाउने र कार्यान्वयनका लागि सूचना, सञ्चार र प्रविधिको (ICT) संयोजन गर्ने छ।

*९.४.३.७. अन्तर्राष्ट्रिय विभाग*

नयाँ शक्ति, नेपालको वैदेशिक सम्पर्क बिस्तारकालागि केन्द्रीय सचिवालयमा एक अन्तर्राष्ट्रिय विभाग हुनेछ। यो विभागले समान सोच राख्ने अन्तर्राष्ट्रिय राजनीतिक दलहरूसँग भाईचारा सम्वन्ध बढाउने छ। विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूको सदस्यता लिनुका साथै बिश्व राजनीतिक मञ्चमा दलको उपस्थितिकालागि वातावरण बनाउने काम यो विभागले गर्ने छ। यसैगरी विभिन्न देशमा क्रियाशील नेपालीहरूलाई समेत नयाँ शक्तिमा आवद्ध गर्ने काम अन्तर्राष्ट्रिय विभागको हुनेछ।

*९.४.३.८. उत्पादन तथा दीगो आर्थिक विकास विभाग*

नयाँ शक्तिको मूल लक्ष्य नै उत्पादन बृद्धि र राष्ट्रिय समृद्धि हो। यसकालागि पार्टी भित्रका अभियन्ताहरूलाई समेत उत्पादनमा लगाउन आवश्यक योजनाहरू बनाउने र देशको आर्थिक समृद्धिका लागि उत्पादनमुखी तथा दीगो विकासका पक्षमा नीतिगत अनुसन्धान, परामर्श र प्रस्ताव तयार गर्ने यो विभागको मुख्य दायित्व हो। यसले उत्पादनमुखी योजना र दीगो विकासकालागि निरन्तर नीतिगत संवाद र सहजीकरण गर्ने छ।

*९.४.३.९.सामाजिक अभियान परिचालन विभाग*

नेपालमा विभिन्न सामाजिक अभियानहरू क्रियाशील छन्। यस्ता अभियानहरूसँग सम्वन्ध बढाउने र उनीहरूका जायज मुद्दाहरूलाई उठाउने जिम्मेवारी सामाजिक अभियान परिचालन विभागको हुनेछ। यो विभागले समसामयिक सवालहरूमा सामाजिक अभियानको रचना गर्न र मुद्दाहरूलाई स्थापित गर्न उत्प्रेरक, संयोजनकारी र सहजकर्ताको काम गर्ने छ। यो विभागले नेपालको परम्परागत सामाजिक आन्दोलनको संस्कृतिमा समेत रूपान्तरण गरी सामाजिक आन्दोलनहरूलाई शान्तिपूर्ण जनपरिचालनको (अभियानमा रूपान्तरण) नयाँ संस्कृतिले सुसज्जित गर्ने छ। पार्टीको

सामाजिक अभियान नीति बनाउने र त्यसलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने काम यो विभागले गर्ने छ।

*९.४.३.१०. नीति अध्ययन तथा अनुसन्धान विभाग*

नयाँ शक्ति, नेपालको ज्ञान निर्माणकालागि नीतिगत अध्ययन तथा अनुसन्धान विभागले काम गर्नेछ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिहरूको अध्ययन, अनुसन्धान र हामीले लिनुपर्ने नयाँ नीतिको विकासका लागि आवश्यक अवधारण बनाई दलमा सिफारिश गर्नु यो विभागको मुख्य काम हुनेछ। यो विभागले आर्थिक-सामाजिक मुद्दाहरू, वैदेशिक सम्बन्ध, वैदेशिक सहयोगका क्षेत्र, विश्वका विभिन्न सन्धि, सम्झौता र त्यसले पार्ने प्रभाव जस्ता विषयमा पार्टीको धारणा बनाउनकालागि नीतिगत सल्लाहकारको रूपमा काम गर्नेछ। यो विभागले विभिन्न राजनीतिक, सामाजिक तथा आर्थिक मुद्दाहरूमा स्थलगत अनुसन्धान गर्ने, प्रतिवेदन बनाउने, त्यसको सार्वजनिकीकरण गर्ने र निश्कर्षमाथि पार्टीको धारणा बनाउन सहजीकरण गर्नेछ।

*९.४.३.११. महिला सशक्तीकरण विभाग*

महिलाहरूको अधिकारको मुद्दाहरूमा महिलाहरूसँगै मिलेर महिला सशक्तीकरण, सामाजिक परिचालन र पैरवी गर्नु यो विभागको मुख्य काम हो। पार्टीको महिला सशक्तीकरणसम्बन्धी नीति बनाउन यो विभागले परामर्श दिनेछ र नीति कार्यान्वयनको अनुगमन गरी सुधारका क्षेत्रहरूमा पार्टीलाई सल्लाह दिनेछ। महिलाहरूलाई आर्थिक तथा राजनीतिक समृद्धि, सामाजिक सशक्तीकरण, समावेशीकरण र साँस्कृतिक सवलीकरण गर्न यो विभागले महिला केन्द्रित क्षमता विकासका रचनात्मक कामहरू समेत गर्नेछ।

*९.४.३.१२. दलित तथा अल्पसंख्यक समुदाय विभाग*

दलित तथा अल्पसंख्यक समुदायको अधिकारको मुद्दाहरूमा दलित तथा अल्पसंख्यक समुदायहरूसँगै मिलेर उनीहरूको सशक्तीकरण, सामाजिक परिचालन र पैरवी गर्नु यो विभागको मुख्य काम हो। दलित तथा अल्पसंख्यक समुदायलाई आर्थिक तथा राजनीतिक समृद्धि, सामाजिक सशक्तीकरण, समावेशीकरण र साँस्कृतिक सवलीकरण गर्न यो विभागले दलित तथा अल्पसंख्यक समुदाय केन्द्रित नीति बनाउन पार्टीलाई सहयोग गर्नेछ। साथै सो नीति कार्यान्वयनको समेत अनुगमन गरी सुधारका पक्षहरूमा पार्टीको ध्यान आकृष्ट गर्न विभागले काम गर्नेछ। यसैगरी सो समुदायको क्षमता विकासका रचनात्मक कामहरू यो विभागले सम्पादन गर्नेछ।

*९.४.३.१३.संघीय मामिला तथा स्थानीय विकास विभाग*

देश संघीय संरचनामा गइसकेको छ। यसर्थ पार्टीकालागि संघीयता र स्थानीय

निकायको व्यवस्थापन निकै महत्वपूर्ण राजनीतिक बिषय हो। संघ, प्रदेश र स्थानीय निकायहरूसँग जोडिने विभिन्न जनसरोकारका बिषयहरूमा यो विभागले पार्टीका धारणाहरू बनाउन जनतासँग अन्तरक्रिया, संवाद गर्नेछ। आगामी दिनमा कसरी प्रदेशहरू सवल हुन्छन् ? स्थानीय निकायहरूको सञ्चालन कसरी गरिन्छ ? के कस्ता अधिकारहरू कहाँ राख्ने र त्यसको नीतिगत तथा ब्यवहारिक प्रवन्धन कसरी हुन्छ ? यस्ता विषयमा पार्टीको धारणा बनाउन यो विभागले सहयोग गर्नेछ। साथै जाति, भाषा, संस्कृति, प्रादेशिक पहिचान र सामर्थ्यको जगेर्नाकालागि यो विभागले काम गर्नेछ। संघीयताको मामिलामा अन्तरक्रिया, छलफल, लेखन, संवाद र पैरवी तथा सामाजिक परिचालनका लागि यो विभागले काम गर्नेछ।

*९.४.३.१४. साँस्कृतिक विभाग*

देशको संस्कृति, पहिचान, कला, साहित्य, गीत, संगीत, सिनेमा, रंगमञ्च लगायतको उत्थान, विकास र बिस्तारकालागि यो विभागले बिषयगत प्राज्ञ, कलाकर्मी तथा अनुरागीहरूसँग मिलेर साँस्कृतिक उन्नयनकालागि काम गर्नेछ।

*९.४.३.१५ .शहीद, वेपत्ता परिवार तथा घाईते अपांग ब्यवस्थापन विभाग*

नेपालमा ००७ सालदेखि आजसम्म भएका लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने शहीद, वेपत्ता परिवार तथा घाईते अपांग योद्धाहरूको आवश्यक आर्थिक, राजनीतिक तथा सामाजिक ब्यवस्थापनकालागि योजना बनाउनु, विभिन्न प्रतिष्ठानहरू खोल्न पार्टीलाई सघाउनु र उनीहरूको पक्षमा काम गर्नु यो विभागको मुख्य दायित्व हो। सबैखाले आन्दोलनमा लागेर देशको परिवर्तनकालागि अमुल्य योगदान गर्ने साहसी योद्धा, शहीद तथा वेपत्ता परिवारलाई सदैव सम्झिनु, सम्मान गर्नु र उनीहरूकालागि आफैं र राज्यवाट यथोचित सुविधा दिलाउन निरन्तर क्रियाशील हुनु यो विभागको काम हुनेछ।

*९.४.३.१६. सदन, सरकार तथा राज्य समन्वय विभाग*

यो विभागले नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, संसदीय गतिविधि र राज्यका कामहरूको निगरानी गर्नेछ। सम्बन्धित तहका त्रुटीहरूमा आवश्यक आलोचना, संशोधन र रचनात्मक प्रस्तावहरू दिन पार्टीलाई सघाउनु यो विभागको मुख्य दायित्व हुनेछ। यो विभागले पार्टी सरकारमा जाँदा सरकार सञ्चालनकालागि सुझाव दिने र वाहिर रहँदा आलोचनात्मक खवरदारी गर्नेछ।

*९.४.३.१७. सहकारी तथा स्वरोजगार विभाग*

नेपालका लागि सहकारी अभियान अर्थतन्त्रको मूल आधार हो। यसको विकास विना स्वरोजगारी सृजना, ग्रामीण पूँजीको एकीकरण र परिचालन हुँदैन। स्थानीय

तहमा सहकारी अभ्यास र यसका माध्यमबाट विभिन्न क्षेत्रमा आयआर्जन र उत्पादन वृद्धिका कामहरू मार्फत स्वरोजगारी सृजना हाम्रो सन्दर्भमा निकै महत्वपूर्ण कामहरू हुन्। यसकालागि नीतिगत अनुसन्धान, विमर्श र पार्टीलाई प्राथमिकता क्षेत्रहरूको सिफारिश गर्न यो विभागले काम गर्नेछ। विभागले सहकारीकरण मार्फत उत्पादन क्षेत्रमा लगानी र स्वरोजारी सृजनाकालागि अभियन्ताहरूलाई उत्प्रेरित गर्ने र पार्टीका स्थानीय संगठनहरूलाई सहकारी अभियानमा संलग्न हुन नीतिगत तथा व्यवस्थापकीय सहयोग गर्नेछ।

*९.४.३.१८ कृषी तथा भूमी मामिला विभाग*

नेपालको आर्थिक उन्नती र सामाजिक तथा आर्थिक न्यायका लागि कृषी तथा भूमीसुधार निकै महत्वपूर्ण तथा रणनीतिक कामहरू हुन्। कृषिमा ६७ प्रतिशत जनता आश्रित रहेकै कारण पनि यो बिषयको सान्दर्भिकता बुझ्न सकिन्छ। त्यसैले नेपालको सबै राजनीतिक आन्दोलनमा निकै लामो समयदेखि यी मागहरू उठाइएका भएपनि यिनीहरूको सम्बोधन अझै हुन सकेको छैन। यसर्थ यी बिषयहरूलाई सम्बोधन गर्ने आवश्यक नीति र योजनाहरू बनाउने र जनपरिचालन गर्न पार्टीलाई सघाउने यो बिभागको मुख्य काम हुनेछ।

*९.४.३.१९. उद्योग, वित्त, वाणिज्य तथा पर्यटन विभाग*

नयाँ शक्ति, नेपाल उत्पादन बृद्धि, औद्योगीकरण, पर्यटन प्रवर्द्धन र विकासलाई केन्द्रमा राखेर राजनीति गर्ने देशकै पहिलो एकमात्र दल हो। मुलुकको भौगोलिक अवस्था, औद्योगीकरणका अवसर र राष्ट्रिय पूँजीको विकासका लागि बित्त र बाणिज्य क्षेत्रको ब्यवस्थापन रणनीतिक योजना बनाउनु र सोका लागि पार्टीको नीति निर्माणमा सहगोग गर्नु यो विभागको कार्यभार हुनेछ।

*९.४.३.२०. गैरसरकारी संस्था समन्वय विभाग*

गैसस, अन्तर्राष्ट्रिय गैसस, दातृसंस्था र वैदेशिक सहयोग कहाँ, के, कसरी परिचालन भइरहेका छन् र तिनीहरूको प्रभाव के कस्तो छ ? कसरी यस्ता सामाजिक अभियानलाई देश र जनताको समृद्धिसँग जोड्न सकिन्छ ? यस्ता कामहरूलाई पार्टीको उद्देश्यसँग कसरी मिलाउने ? गैरसरकारी क्षेत्रमा पार्टीका काम कसरी विस्तार गर्ने ? गैससको प्राथमिकता र विकास अभियानलाई अझ जनमुखी कसरी बनाउने ? यस्ता बिषयमा एन्जीओ, आईएन्जीओसँग समन्वय गरेर काम गर्ने नीति बनाउनु र त्यसलाई लागू गर्न आवश्यक सहजीकरण गर्नु यो विभागको मुख्य भूमिका हुनेछ।

*९.४.३.२१. प्राकृतिक प्रकोप विपद् ब्यवस्थापन विभाग*

नेपालमा भूकम्प, बाढी, पहिरो, डुवान, कटान, आगलागी, आँधी, हुरी, चट्यांग जस्ता

प्राकृतिक विपद्बाट बार्षिक हजारौं जनता प्रभावित हुन्छन् । यस्ता विपद्वाट ठूलो जनधनको क्षति हुनेगरेको छ । हजारौं नागरिक जोखिममा छन् । यसले जनताको गास, बास र कपास जस्ता आधारभूत अधिकार कुण्ठित हुने गरेका छन् । महिला, बालबालिका र ज्येष्ठ नागरिक विपद्का कारण अझ जोखिममा छन् ।

शिक्षा र स्वास्थ्यबाट जोखिम प्रभावित बालबालिका बञ्चित हुने गर्छन् । तर हाम्रो सरकारले विपद् ब्यवस्थापन, विपद्पूर्वको तयारी र पीडितलाई क्षतिपूर्तिको ब्यवस्था र सुरक्षा दिन सकेको देखिँदैन । यस्तो वेला विपद्वाट प्रभावित जनताको पक्षमा रहेर जोखिम नियन्त्रण, जोखिमपूर्वको तयारी, जोखिममा परेका जनताको हकका लागि जनपरिचालन र विपद् ब्यवस्थापनमा पार्टीको भूमिका बढाउन नीतिगत तथा ब्यवहारिक काम गर्नु यो विभागको भूमीका हुनेछ ।

*९.४.३.२२.स्वास्थ्य तथा योग साधना विभाग*

स्थास्थ्य, सरसफाई नेपाली जनताका आधारभूत अधिकारहरू हुन् । यिनीहरूको निर्वाध उपयोगकालागि पार्टीले काम गर्नु पर्दछ । यसैगरी योग तथा मनोसाधना पूर्वीय संस्कृतिका निकै महत्वपूर्ण सम्पदा र ज्ञान हुन् । यस्ता अभ्यासले स्वस्थ तन र मनको लागि सहयोग गर्ने तथ्य विज्ञानले नै पुष्टि गरेको छ । यसर्थ पार्टीले यस्ता साधनाहरूलाई कार्यकर्ता तहमा बिस्तारित गर्न र समुदायलाई समेत यसमा लाग्न उत्प्रेरित गर्न सहजीकरण गर्नु आवश्यक छ । सबै नागरिकहरूलाई सुलभ, निःशुल्क र गुणस्तरीय स्वास्थ सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो । स्वस्थ जनशक्ति विना समृद्ध नेपाल बन्न सक्दैन । त्यसैले स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन र सुधारका निम्ति आवश्यक नीति तथा योजना बनाउने, स्वास्थ्य सेवामा सबैको सहज पहूँच पुऱ्याउन मद्दत गर्ने स्वास्थ्य तथा योग साधना विभागको महत्वपूर्ण काम हुनेछ । योग साधना र स्वास्थ्य सेवालाई जोड्न समेत यो विभागले काम गर्नेछ ।

*९.४.३.२३. युवा तथा खेलकुद विभाग*

युवाहरू देशको समृद्धि र विकासकालागि महत्वपूर्ण आधारहरू हुन् । युवाहरूको समग्र विकास र सबै क्षेत्रमा सहभागिता सुनिश्चित गरिनु आवश्यक छ । खेलकुद युवाहरूको लागि अनुशासन, शिक्षा, शारीरिक तन्दुरुस्तीको साधन मात्र होईन यो देशकै गौरव र पहिचानको बिषय पनि हो । हाम्रो देशमा खेलकुदको अथाह सम्भावना छ । खेलकुदप्रति युवाहरूको निकै ठूलो आकर्षण पनि छ । तर राज्यले आवश्यक युवा तथा खेलकुद नीति बनाउन र कार्यान्वयन गर्न सकेको छैन ।

यसैगरी युवाहरूको बृद्धि, विकास, सहभागिता र समृद्धिकालागि नीति बनाउने र त्यसको कार्यान्वयन गर्ने बिषयमा युवाहरूसँग मिलेर काम गर्न यो विभागले आवश्यक योजना बनाउनेछ ।

*९.४.३.२४. शिक्षा विभाग*

शिक्षा क्षेत्रमा आमूल परिवर्तन र सुधार विना पार्टीले लिएको आर्थिक विकास र समृद्धिको लक्ष्य पूरा गर्न सकिँदैन। जनमुखी, ब्यवहारिक र ब्यवसायिक शिक्षा आजको आवश्यकता हो। त्यसैले शिक्षा विभागले यसका लागि आवश्यक नीति तथा योजना बनाउने, शिक्षा क्षेत्रमा विद्यमान विकृति विसंगति हटाउने कार्यक्रम बनाउने, सबैलाई गुणस्तरीय शिक्षामा पहूँच पुर्‍याउन अभियान चलाउने आदि कार्य गर्नेछ। यो विभागले पार्टीलाई शिक्षा क्षेत्रको आमूल परिवर्तनका लागि आवश्यक नीति बनाउन सहयोग गर्नेछ।

*९.४.३.२५. सुरक्षा विभाग*

यो विभागले नेपालको सुरक्षा मामिला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा चासो, देश र जनताका आधारभूत सुरक्षा मुद्दाहरू र पार्टी पंक्तिको सुरक्षाका लागि अपनाउनुपर्ने आधारभूत नीतिहरू बनाउन काम गर्नेछ।

*९.४.३.२६. जालस्रोत, उर्जा तथा भौतिक पूर्वाधार विकास विभाग*

नेपालको जल, उर्जा तथा भौतिक पूर्वाधार नीतिहरू बनाउन यो विभागले काम गर्नेछ। विगतका नेपाली जल नीतिहरू, विभिन्न नदीसँग सम्बन्धित सन्धी, सम्झौताको पुनरावलोकन, नेपालको पानी सदुपयोगको प्रस्ताव र उर्जाको प्रवर्द्धनकालागि पार्टीले बनाउने नीति कस्तो हुने जस्ता बिषयमा यो विभागले ब्यापक अनुसन्धान र नीतिगत सिफारिश गर्नेछ। यसैगरी भौतिक पूर्वाधारको विकास गर्नु हाम्रालागि ज्यादै महत्वपूर्ण काम हो। ग्रामीण तथा शहरी विकास, सडक, रेल यातायात, द्रूतमार्ग, ठूला पूर्वाधारहरूको विकास नभई देशको सम्पूर्ण समृद्धिको परिकल्पना गर्न सकिँदैन। यसका लागि पार्टीले ब्यवस्थित नीति बनाउन आवश्यक छ। यसकासाथै यस्ता नीतिहरू अगाडि बढाउन के कस्ता काम र योजनाहरू आवश्यक छ सोको ब्यवस्थित सहजीकरणकालागि यो विभागले काम गर्नेछ।

*९.४.३.२७. प्राकृतिक स्रोत साधन तथा वातावरण संरक्षण विभाग*

नेपाल प्राकृतिक स्रोत साधनले सम्पन्न मुलुक हो। हामीसँग हिमाल, पहाड तथा तराई भूभागमा विविध प्राकृतिक स्रोत साधन र सम्पदाहरू छन्। यिनीहरूको उचित प्रयोग देशको समृद्धिको आधार हुनसक्दछ। यसैगरी वातावरण संरक्षण अहिलेको विश्वव्यापी सरोकारको विषय हो। यी सबै बिषयमा के कस्तो नीति, योजना, कार्यक्रम र रणनीति चाहिन्छ त्यसको सिफारिश गर्नु र वकालत गर्नु यो विभागको काम हुनेछ।

*९.४.३.२८. कानुन तथा मानवअधिकार विभाग*

मानवअधिकारको सम्मान, मानवअधिकारका विश्वव्यापी घोषणाहरूको प्रवर्द्धन र

कार्यान्वयन, दण्डहीनताको अन्त्य र कानुनी राज्यको पक्षमा राज्यलाई सचेत गर्ने यो विभागको मुख्य दायित्व हो। जनताको संवैधानिक तथा कानुनी अधिकारका लागि नीतिगत अनुसन्धान, वकालत र ब्यापक सहकार्य गर्ने यो विभागको काम हुनेछ। कानुनी राज्यको अवधारणा र त्यसकालागि देखिएका चुनौतिहरूको निराकरण गर्न यो विभागले पार्टीलाई नीतिगत सिफारिस गर्नेछ।

*९.४.३.२९. सुकुम्वासी व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग*

यो विभागले नेपालका भूमीहीन तथा सुकुम्वासीहरूको ब्यवस्थापन, मुक्त कमैया, हलिया, हरूवा, चरूवाहरूकालागि आर्थिक तथा सामाजिक अधिकारको प्रत्याभूतिका लागि काम गर्नेछ। यसैगरी यो विभागले एकल महिला, बालबालिका, अपांगता भएकाहरू, लैंगिक अल्पसंख्यक र ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा नीतिहरूको प्रभावकारी ब्यवस्थापन, नीति अध्ययन, अनुसन्धान र पैरवीकालागि आवश्यक योजनाहरू बनाउनेछ। पार्टीको सामाजिक सुरक्षा नीति बनाउने यो विभागको मुख्य काम हो।

## ९.५ मोर्चा, फाँट र क्षेत्र

पार्टीमा निम्नअनुसार गैरभौगोलिक मोर्चा, फाँट र क्षेत्रहरू हुनेछन्।

### ९.५.१ आंगिक संगठन परिचालन

नयाँ शक्ति, नेपालले आंगीक संगठनहरूमा पार्टी कामलाई विस्तार गर्न आंगिक संगठन संयन्त्रको गठन गरेको छ। यसमा विभिन्न आंगिक संगठनका प्रमुखहरू सदस्य र पार्टीले तोकेको ब्यक्ति संयोजक रहने छन्। आंगिक संगठनहरूको परिचालन, उनीहरूसँग पार्टी सम्वन्ध विकास र उनीहरूको स्वायत्तताको लागि सहजीकरण गर्नु यो संयन्त्रको मुख्य काम हुनेछ।

### ९.५.२ राष्ट्रिय मामिला तथा सामाजिक समावेशीकरण संयन्त्रः

पार्टीमा एक राष्ट्रिय मामिला तथा सामाजिक समावेशीकरण संयन्त्र हुनेछ। यो संयन्त्रले राष्ट्रिय मामिलाहरू, विभिन्न जाति, भाषा र क्षेत्रको सामेलीकरणको बिषय र पार्टीको आर्यखस, जनजाति, मधेसी–थारू तथा महिला र दलित समुदायको समानुपातिक समावेशीकरणको नीति कार्यान्वयनको अवस्था, सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरूबारे अनुगमन र आवश्यक सिफारिश गर्नेछ। यो विभागले विभिन्न जाति, जनजातिहरूबीच एकता र सहकार्यकालागि आवश्यक पहल गर्ने र पार्टीलाई सो प्रयोजनमा आवश्यक काम गर्न सहयोग गर्नेछ। यो संयन्त्रलाई केन्द्रीय परिषद् सरहको मान्यता दिइनेछ।

### ९.५.३ पेशागत संगठन

विभिन्न पेशा-व्यवसायमा संलग्न समूहबीच पार्टी कामलाई विस्तार गर्न पार्टीले एक पेशागत क्षेत्र हेर्ने छुट्टै निकायको व्यवस्था गरेको छ। यसले विभिन्न पेशागत समूहलाई संगठित गर्नेछ।

### ९.६. संयोजकको ब्यवस्था

आवश्यकता अनुसार विभिन्न क्षेत्र, फाँट र मोर्चा जस्तोः महिला, दलित, मजदुर, युवा, किसान लगायत गैरभौगोलिक क्षेत्रमा पार्टी कामलाई बिस्तार गर्न एक एक जना संयोजक हुनेछन्। यसैगरी सबै प्रदेशमा समेत एक एक जना संयोजक हुनेछन्।

संयोजकहरू निम्नानुसार हुनेछन् :

(क) सात प्रदेशमा एक एक जना

(ख) आंगिक संगठन (जनवर्गीय संगठन)ः एक जना

(ग) राष्ट्रिय मामिला संयन्त्रः एक जना

(घ) पेशागत संगठनः एक जना

# खण्ड तीन
# कार्यालय र यसका अंगहरू

## १०. कार्यालय

१०.१. नयाँ शक्ति, नेपालको केन्द्रीय कार्यालय काठमाडौंमा हुनेछ। प्रादेशिक, जिल्ला र स्थानीय तहमा सोही क्षेत्रको परिषद्को निर्णय अनुसार कार्यालय स्थापना गर्न सकिनेछ।

१०.२. केन्द्रीय कार्यालय नियमित रूपमा सञ्चालन हुनेछ। अन्य कार्यालयहरूको सञ्चालनको योजना तहगत परिषद्ले बनाउने छन्।

## ११. ई–गभर्नेन्स

११.१. केन्द्रीय सचिवालयको सम्पूर्ण ब्यवस्थापन ई-गभर्नेन्समा आधारित हुनेछ। सम्पूर्ण अभिलेखहरू सफ्टवेयरको विकास गरी कम्प्युटर प्रणालीमा राखिनेछ।

११.२. कार्यालयमा प्राप्त चिठ्ठी, इमेल, सूचनाहरू अभिलेखित हुनेछन्।

११.३. ई–गभर्नेन्सलाई ब्यवस्थित गर्न केन्द्रीय कार्यालयमा एक आईटी शाखा र सो प्रयोजनकालागि स्वयंसेवक वा कर्मचारी हुनेछन्।

११.४. दलका सार्वजनिक महत्वका सूचनाहरू सबैले हेर्न सक्ने र आवश्यकता अनुसार आफ्ना पृष्ठपोषणहरू दिन सक्नेगरी अन्तरक्रियात्मक वेवसाईट निर्माण गरिनेछ।

## १२. पुस्तकालय

१२.१. केन्द्रीय कार्यालयमा एक पुस्तकालय हुनेछ। पुस्तक, पत्रपत्रिका, अध्ययन अनुसन्धान प्रतिवेदन, प्राज्ञिक प्रकाशनहरू, सूचना, रिपोर्ट, आलेख तथा श्रव्यदृष्य सामग्रीहरू यस पुस्तकालयमा रहनेछन्। संस्थागत काम, ज्ञान निर्माण र क्षमता विकासका लागि यसको प्रयोग गरिनेछ। पुस्तकालय सञ्चालनको कार्यविधि प्रशिक्षण विभागले बनाई कार्यान्वयन गर्नेछ।

१२.२. पुस्तकालयलाई सार्वजनिक पहुँच, युवा विद्यार्थीहरूको अध्ययन केन्द्रको रूपमा विकास गरिनेछ।

१२.३ पुस्तकालय सञ्चालन र व्यवस्थापनको जिम्मेवारी प्रशिक्षण विभागमा रहनेछ।

# खण्ड चार
# योजना, कार्यान्वन र अनुगमन तथा मूल्यांकन प्रक्रिया

## १३. बैठक

१३.१. केन्द्रीय सचिवालयको बैठक न्यूनतम् मासिक एक पटक र आवश्यकता अनुसार जुनसुकै बेला बस्नेछ। सचिवालय एक चलायमान ईकाईको रूपमा क्रियाशील रहनेछ।

## १४. योजना तर्जुमा, कार्यान्वयन र अभिलेखन प्रक्रिया

१४.१. सचिवालयको बैठकमा विभागले आफ्ना योजना प्रस्तावित गर्नेछन्। योजना निर्माण र कार्यान्वयन प्रकृया सहभागितामूलक र लोकतान्त्रिक हुनेछ। विभागले बनाएका योजना प्रस्तावहरूलाई सचिवालयले थपघट, सुधार र पृष्ठपोषण सहित पारित गर्नेछ। पारित निर्णयहरू कार्यान्वयनमा जानेछन्।

१४.२. वैठकका निर्णयहरूलाई सचिवालयबाट तोकिएको ब्यक्तिले माईन्युट गरी आवश्यक तहसम्म वैठक सकिएको एक हप्ताभित्र जानकारी र कार्यान्वयनकालागि पठाईसक्नु पर्नेछ। यसरी पठाउँदा सिधै, संयोजक मार्फत वा ईमेलको प्रयोग गर्न सकिनेछ।

१४.३. निर्णयहरूको कार्यान्वयन गर्न आवश्यकता अनुसार परिषद् सदस्य र सचिवालयबीच सहयोग, सल्लाह र पृष्ठपोषण आदानप्रदान गरिनेछ।

१४.४. आवश्यकता अनुसार निर्णय कार्यान्वयन र त्यसबाट प्राप्त भएका परिणामहरूको अनुगमन गर्न सचिवालय ब्यवस्थापन तथा अनुगमन विभागले अनुगमनका सूचक र अनुगमन प्रणालीको विकास गर्नेछ। अनुगमन प्रतिवेदन जानकारी तथा निर्णयार्थ सचिवालयमा प्रस्तुत हुनेछ।

१४.५. विगतका कामहरूको सफलता, सिकाई र अनुभवहरूको अभिलेखन गर्ने विधिलाई अपनाईनेछ। यसकालागि सचिवालय व्यवस्थापन तथा अनुगमन विभागले मासिक, अर्धबार्षिक र बार्षिक प्रतिवेदन तयार गर्ने र त्यसलाई ऐतिहासिक दस्तावेजको रूपमा सुरक्षित गर्नेछ।

१४.६. निर्णयहरू, ऐतिहासिक दस्तावेजहरू र महत्वपूर्ण अभिलेखनलाई भण्डारण गर्न सचिवालयमा एक ब्यवस्थित अभिलेखालय हुनेछ।

## १५. पारदर्शी वित्तीय व्यवस्थापन

नयाँ शक्ति, नेपालको आर्थिक कारोवार र त्यसको प्रभावकारी सञ्चालन सचिवालयको महत्वपूर्ण अंग हुनेछ। यसलाई आर्थिक विभागको निरीक्षण तथा अनुगमनमा लेखा प्रमुखले ब्यवस्थित गर्नेछन्। लेखा प्रमुखले संस्थाको आर्थिक कारोवार, आयव्यय बिवरण, नगद र बैंक मौज्दातको बिवरण मासिक रूपमा दुरूस्त राख्नेछन्। लेखा विभाग मार्फत कार्यालयको नियमित लेखापरीक्षण गरी देखिएका कैफियतहरूलाई तुरून्तै सच्याउनेछ। वित्तीय व्यवस्थापनको प्रभावकारिता र पारदर्शीता नयाँ शक्ति, नेपालको नयाँपन र सुशासन मापन गर्ने महत्वपूर्ण मानक हुनेछ। लेखा तथा प्रशासन सञ्चालनकालागि निर्देशिका बनाई कार्यान्वयन गरिनेछ।

## १६. लोकपाल समूहको ब्यवस्था

पार्टीको आन्तरिक अनुशासनलाई कायम राख्न, पार्टी सदस्यहरूबाट हुने अख्तियार दुरूपयोगको निगरानी गर्न र कसैमाथि कुनै पनि खाले उजुरीहरू प्राप्त भए स्वतन्त्र अनुसन्धान, प्रतिवेदन तयारी र नैतिक तथा कानुनी उपचार र सजायकालागि सिफरिश गर्न पार्टीमा लोकपाल समूह (इदगमकबल न्चयगउ) को ब्यवस्था गरिनेछ। यस्तो समूहमा स्वतन्त्र ब्यक्ति र विषयविज्ञहरू हुनेछन्।

## १७. पार्टीको नाम, झण्डा र लोगो

पार्टीको नाम, झण्डा र लोगो कस्तो बनाउने यसमा विचार राख्न सबै सदस्यहरूलाई अवसर दिईनेछ।

## १८. नियम बनाउने

नयाँ शक्ति, नेपालको सचिवालय सञ्चालनका लागि आवश्यक परेमा केन्द्रीय परिषद्ले अन्तरिम नियम बनाई सोही अनुसार लागू गर्न सक्नेछ।

## १९. ब्याख्या गर्ने अधिकार

निर्देशिकामा गरिएका विभिन्न पदावलीको परिभाषामा अस्पष्टता रहेमा वा यो निर्देशिकाको थप ब्याख्या गर्नु परेमा यसको अन्तिम व्याख्या अन्तरिम केन्द्रीय परिषद्ले गर्नेछ।

# नयाँ शक्ति, नेपाल
# नयाँ शक्ति, नेपालका सबै तहमा क्रियाशील अभियन्ताहरूकालागि आचारसंहिता

म नयाँ शक्ति, नेपालको अभियन्ता हुँ। म नेपाली राजनीतिमा परिवर्तन चाहन्छु.। यसकालागि म आफैंबाट परिवर्तनको सुरूवात गर्दछु। त्यसैले म निम्न आचारसंहिता पालना गर्न प्रतिवद्ध छु।

१. नेपालमा भएका ऐतिहासिक राजनीतिक उपलब्धिहरूको म हृदयदेखिनै सम्मान गर्दछु।

२. यसकालागि महान शहीदहरूको योगदानको स्मरण गर्दै उहाँहरूको जीवन उत्सर्गको मूल्य र मान्यताबाट सदैव प्रेरित भईरहनेछु। म शहीदको सपना पूरा गर्न प्रतिवद्ध छु।

३. म हरेक मान्छेको सार्वभौमिक स्वतन्त्रतालाई सम्मान गर्दछु। म मानवअधिकारको विश्वव्यापी मान्यताबाट निर्देशित भई नयाँ शक्ति, नेपालको राजनीतिक अभियानमा संलग्न हुनेछु।

४. म राजनीतिलाई अस्वस्थ विरोध, गालीगलौज र ध्वंशबाट नभई सकारात्मक पहल, आपसी सम्मान र प्रतिस्पर्धाबाट सुसज्जित गर्न चाहन्छु। मेरो राजनीतिक संलग्नता उच्च नैतिक आचरण र राजनीतिक निष्ठाबाट परिलक्षित हुनेछ।

५. म सामाजिक न्याय, सकारात्मक विभेद र समानुपातिक समावेशी सिद्धान्तमा बिश्वास गर्दै अगाडि बढ्न तयार छु।

६. म शान्तिपूर्ण अभियान, सुशासन, पारदर्शिता, जवाफदेहिता र विधिको शासनप्रति प्रतिवद्ध छु ।

७. म नेपाली समाजको विविधताहरू हाम्रा अमूल्य निधि र सम्पन्नताका आधार हुन् भन्ने कुरालाई स्वीकार गर्दै विविधतामा एकता, सामाजिक सद्भाव र भाईचारा बृद्धिकालागि क्रियाशील हुनेछु ।

८. म सबै भाषा, धर्म, सम्प्रदाय र संस्कृतिको सम्मान गर्दछु । फरक जाति, धर्म, लिङ्ग, वर्ण, विचार, संस्कृति र रंगका आधारमा म कसैप्रति भेदभाव गर्नेछैन ।

९. म सदैव सकरात्मक सोचबाट काम गर्नेछु । समयको पालना गर्नेछु ।

१०. म आफ्नो जीवनशैली सरल, शिष्टतापूर्ण र विनयशील बनाउनेछु । म ब्यक्तिगत जीवन, राजनीतिक अभियान तथा संगठनका गतिविधिहरू धेरै खर्चिला र तडकभडकपूर्ण बनाउनेछैन ।

११. म परिवर्तनको सुरूवात आफैंबाट गर्न चाहन्छु । म नयाँ भए अरू नयाँ हुन्छन् र नयाँ शक्ति बन्छ भन्ने कुरामा म विश्वस्त छु ।

१२. म श्रमको सम्मान गर्दछु । विना श्रमको कमाई खानु हुन्न भन्ने मान्यता राख्दछु । आफू कुनै न कुनै श्रममा नियमित सहभागी हुनेछु ।

१३. मेरो लागि राजनीति पेशा नभई सेवा हुनेछ । म जीविकोपार्जनको लागि छुट्टै पेशा, व्यवसाय वा आयआर्जनको व्यवस्था गर्नेछु । म व्यक्तिगत स्वार्थ बाझिने गतिविधि गर्नेछैन ।

१४. म सबैका आर्थिक, सामाजिक तथा राजनीतिक अधिकारहरूको सम्मान र दण्डहीनताको अन्त्यका लागि प्रतिवद्ध र सक्रिय रहनेछु ।

१५. म महिला हिंसा, बालश्रमशोषण, जातीय छुवाछुत, आर्थिक शोषण, बालविवाह, दाईजो, वहुविवाह, भ्रष्टाचार, स्थानीय श्रोत साधनको दुरूपयोग, करछली, सरकारी सम्पत्तिको अपचलन कहिल्यै गर्नेछैन । यस्ता बिषयमा शून्यसहनशीलता अपनाउने छु ।

१६. म जे बोल्छु त्यसलाई पूरा गर्न क्रियाशील हुनेछु ।

१७. म जवर्जस्ती चन्दा संकलन गर्नेछैन । आम मानिसको सद्भावस्वरूप प्राप्त स्रोत साधनलाई व्यक्तिगत प्रयोजनमा खर्च गर्नेछैन ।

१८. म आफ्ना सम्पूर्ण आर्थिक, राजनीतिक तथा सामाजिक गतिविधिहरू जनमुखी, पारदर्शी र उत्तरदायी बनाउनेछु ।

२०. म सामूहिक नेतृत्व र ब्यक्तिगत जिम्मेवारीबाट निर्देशित हुनेछु । कहिल्यै पनि गुटगत गतिविधिमा लाग्नेछैन । पार्टी निर्णयहरू पूरा गर्न प्रतिवद्ध हुनेछु । आफ्ना विचारहरू निर्धक्कसाथ राख्नेछु ।

२१. म पराजयमा आत्तिने र विजयमा उत्ताउलो हुनेछैन । सबै अवस्थामा जनतासँग एकाकार हुनेछु ।

२२. म आफ्नो जीवनलाई जनताको निरन्तर निगरानीमा राख्न तयार छु । म सुन्न, सिक्न र नयाँ विचारहरू प्रयोग गर्न सदैव जागरूक हुनेछु ।

२३. म पर्यावरणलाई प्रतिकूल हुने कुनैपनि नीतिगत तथा व्यवहारिक गतिविधि गर्नेछैन ।

२४. म हाम्रो आफ्नै स्रोत र उर्जावान श्रमशक्ति मार्फत राष्ट्रिय समृद्धि सम्भव छ भन्ने कुरामा विश्वास गर्दछु । यसमा म गौरव गर्छु र क्रियाशील हुनेछु ।

२५. म आफ्नो राष्ट्रिय गौरव, स्वाभिमान, एकता र पहिचानलाई सदैव उँचो बनाउने छु । म छिमेकी मूलुकहरूप्रति पञ्चशीलका आधारमा सर्वस्वीकार्य मूल्य मान्यता र सिद्धान्त सहित मित्रवत रहनेछु ।

२६. म अन्तरपार्टी लोकतन्त्र, पार्टीभित्र सदस्यको सर्वोच्चता र स्वतन्तलाई कहिल्यै अवमूल्यन गर्नेछैन ।

२७. म नयाँ शक्ति, नेपाल मार्फत स्वाधीन, समावेशी, सदाचारपूर्ण, समृद्ध र सुशासित नेपाल बनाउन सदैव प्रतिवद्ध छु ।

२८. म फरक विचार सुन्न तयार रहने छु । आफ्ना विचारहरू शिष्टतापूर्वक राख्नेछु ।

२९. म आफू बदलिन, सिक्न र अगाडि बढ्न तयार रहनेछु ।

३०. म समूहमा संलग्न हुन, सामूहिक भावनाको सम्मान गर्न र नयाँ शक्ति निर्माण अभियानमा सामूहिक लक्ष्यकालागि क्रियाशील हुन प्रतिवद्ध रहनेछु ।

**अन्तरिम केन्द्रीय परिषद्बाट पारित**

**पारित मितिः ०७२ माघ २३ गते**

# हाम्रा पाँच 'स' हरू
# नयाँ शक्ति, नेपालका पाँच प्रतिबद्धता

नयाँ शक्ति, नेपाल एउटा पार्टी मात्र नभएर नयाँ युगको नयाँ आवश्यकता पूर्ति गर्ने वैकल्पिक राजनीतिक धार वा प्रवृत्ति हो। यो समाजवादउन्मुख वाम-लोकतान्त्रिक शक्ति हुनेछ। यसका प्रमुख प्रतिबद्धताहरूलाई पाँच 'स'को रूपमा यसरी परिभाषित गरिएको छ :

## १. स्वाधीनता

नेपालको स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको रक्षा र सम्वर्द्धन हाम्रो पहिलो प्रतिवद्धता हो। देश र जनताको पूर्ण स्वाधीनता र मुक्तिलाई हामी सधैं अग्रस्थानमा राख्नेछौं। भारत र चीनजस्ता दुई ठूला देशहरूको बीचमा रहेको विशिष्ट भूराजनीतिक अवस्थितिलाई कुशलतापूर्वक व्यवस्थापन गर्दै देशको गौरव बढाउने युगसापेक्ष राष्ट्रिय सुरक्षा र विदेश नीति अवलम्बन गरिनेछ। त्यस निम्ति पूरानो 'दुई ढुंगाबीचको तरूल'को बिम्बको सट्टा 'दुई विकसित छिमेकीबीचको गतिशील पुल'को नयाँ बिम्ब निर्माण गर्दै दुवैको तीव्र आर्थिक विकासबाट लाभ लिने र छिटो समृद्ध र अन्तरनिर्भर बन्ने नीति अनुसरण गरिनेछ। आन्तरिक राष्ट्रिय एकता र आर्थिक समृद्धि कायम गरेर विगतदेखि रहँदै आएको परनिर्भरताको अन्त्य गर्ने 'प्रगतिशील राष्ट्रवाद'को पक्षपोषण गरिनेछ। संसारका सबै देशसंग समानता र पारस्परिक हितका आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम गरेर विश्व शान्तिको निम्ति योगदान गरिनेछ।

## २. समतामूलक समृद्धि

नयाँ शक्तिको मुख्य लक्ष्य र औचित्य हाम्रै जीवनकालमा नेपाललाई समृद्ध र सुखी मूलुकमा रूपान्तरण गर्नु हो। हामी चाहन्छौं– दश वर्षभित्र देशबाट निरपेक्ष गरीबी र

बेरोजगरीको अन्त्य होस्, बीस वर्षभित्र देश मध्यमस्तरको विकासको स्तरमा पुगोस्, चालिस वर्षमा नेपाल समृद्धिको शिखरमा पुगोस्। हामी रोजगारी र सामाजिक न्यायसहितको तीव्र आर्थिक वृद्धिको नीति अनुसरण गर्नेछौं। त्यसनिम्ति विज्ञहरू र निजी क्षेत्रसहितको संलग्नतामा आर्थिक विकास र समृद्धिको कार्ययोजना तयार गरेर युद्धस्तरमा कार्यान्वयन गरिनेछ। साथै विकासको प्रतिफल सबै वर्ग, क्षेत्र र समुदायमा समन्यायिक ढंगले पुऱ्याउने, निजी क्षेत्र र राज्यको समुचित सहकार्य हुने, कृषि, उद्योग र सेवा क्षेत्रको सन्तुलित योगदान हुने, स्वदेशी र विदेशी लगानी तथा श्रम र प्रविधिको उचित संयोजन हुने, विकास र वातावरणको सन्तुलन कायम हुने गरी मौलिक र व्यवहारिक विकास नीति अनुसरण गरिनेछ। भौतिक समृद्धिसँगसँगै मानसिक सुख-शान्ति प्राप्तिमा यथोचित ध्यान दिइनेछ। हामी फोस्रा नारा र भाषणमा हैन व्यवहारमा समृद्ध र समतामूलक नेपाल बनाउँनेछौं । सुदूर भविष्यमा हैन हाम्रै जीवनकालमा बनाउनेछौं ।

## ३. समावेशी/समानुपातिक/सहभागितामूलक लोकतन्त्र

नयाँ शक्तिको अर्को महत्वपूर्ण प्रतिवद्धता पार्टी र राज्यका क्षेत्रमा हाल विद्यमान औपचारिक र कर्मकाण्डी लोकतन्त्रलाई आधुनिक युग र देशको विशिष्टता अनुरूप समावेसी, समानुपातिक र सहभागितामूलक लोकतन्त्रमा रूपान्तरण गर्नु र त्यसको व्यवहारिक अभ्यास गर्नु हो। हामी गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी समानुपातिक लोकतन्त्रका आधारभूत मान्यताप्रति पूर्ण प्रतिबद्ध रहनेछौं। हामी पार्टी र राज्यका सबै अंगमा हिमाल, पहाड, तराई/मधेसका विविध वर्ग, जाति, क्षेत्र, लिंग, समुदायको समावेसी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नेछौं। ऊर्जाशील युवाहरूको प्रतिनिधित्व सबै ठाउँमा गराउन विशेष ध्यान दिनेछौं। हामी अहिलेसम्मका पार्टी र राज्यको अति-केन्द्रीकृत नोकरशाही चरित्रको अन्त्य गर्न प्रत्यक्ष र सहभागितामूलक लोकतन्त्र (Direct & Participatory Democracy) को अभ्यास गर्नेछौं। सबै कमिटीहरूमा प्रत्यक्ष निर्वाचनको व्यवस्था गर्नेछौं। पार्टी र राज्यका अंगमा केही व्यक्ति र परिवारको एकाधिकार र मनोमानी अन्त्य गर्न एक व्यक्ति एक कार्यकारी पद र दुई कार्यकाल, निर्वाचनमा अस्वीकारको व्यवस्था ९च्भनजत तय च्भवभअत०, निर्वाचित प्रतिनिधिलाई फिर्ता बोलाउने हक ९च्भनजत तय च्भअबीि०आदि नवीन प्रयोगहरू गर्नेछौं।

वर्तमान 'नेपालको संविधान'मा अपनाइएको मिश्रित निर्वाचन प्रणाली र संसदीय शासकीय प्रणालीले देशमा राजनीतिक स्थीरता दिन सक्दैन र राजनीतिक स्थीरताबिना आर्थिक विकास र समृद्धि असम्भव हुन्छ। यो प्रणाली बदल्नैपर्छ र त्यसनिम्ति तुरून्त संविधान संशोधन गर्नैपर्दछ। यसकालागि नयाँशक्ति, नेपालले व्यवस्थापिका र कार्यपालिकाको भूमिका अलग गरी व्यवस्थापिका-संसदकालागि पूर्णरूपले समानुपातिक निर्वाचन प्रणाली र कार्यपालिकाको निम्ति प्रत्यक्ष निर्वाचित

राष्ट्रपतीय प्रणाली अपनाउन देशव्यापी अभियान चलाउनेछ।

## ४. सुशासन/सदाचार

नयाँ शक्ति, नेपाललाई पूराना शक्तिहरूबाट व्यवहारिकरूपमा छुट्याउने मुख्य कसी सुशासन र सदाचार हो। किनकि अहिले नेपालमा राजनीति र भ्रष्टाचार पर्यायवाची जस्तै बनेका छन्। कतिपय पछिल्ला सर्भेक्षणहरूले राजनीतिक दल र नेताहरू सबभन्दा भ्रष्टाचारी भएको पुष्टि गरेका छन्। त्यसपछि कर्मचारी प्रशासन, न्यायालय र सुरक्षा अंगहरू भ्रष्टाचार र अनियमितताको केन्द्र बनेका छन्। तसर्थ राजनीति र सरकारी सेवालाई भ्रष्टाचारको दलदलबाट निकालेर सुशासन र सदाचार कायम गर्नु नयाँ शक्ति, नेपालको सबभन्दा महत्वपूर्ण कार्यभार हुनेछ। यसक्रममा सबभन्दा पहिले हामी राजनीतिलाई एउटा निजी व्यवसाय हैन स्वैच्छिक सामाजिक सेवाको रूपमा स्थापित गर्नेछौं। हामी हाम्रा सबै गतिविधि र आर्थिक कारोबारमा पारदर्शिता, जवाफदेहिता, विधिको शासन र भ्रष्टाचारप्रति शून्य-सहनशीलता कायम गर्नेछौं। हाम्रा नेता र कार्यकर्ताहरूमाथि कुनै भ्रष्टाचार, दुराचार र अनियमितताको आरोप पुष्टि भएमा तत्काल कडा कार्वाही गर्नेछौं। सादा जीवन, सरल व्यवहार, श्रमको सम्मान, सामाजिक सद्भाव र उन्नत संस्कृति नयाँ शक्ति, नेपालको साँस्कृतिक पहिचान हुनेछ। हाम्रा कामकारवाहीहरूको मूल्यांकन गर्न र हाम्रा नेता/कार्यकर्तामाथि लागेका सार्वजनिक आरोपहरूको छानविन गर्न हामीले विभिन्न तहमा स्वतन्त्र र निष्पक्ष लोकपाल समूह ९ञ्दगमकबल न्चयगउ० गठन गर्नेछौं। जसका निर्णयहरूलाई हामीले निःशर्त कार्यान्वयन गर्नेछौं। हामी जे भन्छौं, त्यो गर्छौं। जे गर्छौं त्यो स्वार्थरहित, जनताको हितमा गर्छौं।

## ५. समुन्नत समाजवाद

नेपाली समाज भर्खरै मात्रै निरंकुश, एकात्मक सामन्ती युगबाट पूँजीवादी युगमा प्रवेश गरेको छ। परन्तु आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा अझै पनि सामन्ती अवशेषहरू बाँकी छन्। ती सामन्ती अवेशषहरूको अन्त्य गर्दै राष्ट्रिय औद्योगिक पूँजीको विकास गर्ने र पूँजीवादी लोकतन्त्रलाई अझै विकसित र परिमार्जित गर्ने हाम्रो तत्कालीन कार्यभार हो। तर वर्तमान भूमण्डलीकृत एकाधिकार पूँजीवादी विश्वमा हाम्रो जस्तो सानो अल्पविकसित देशमा स्वतन्त्र राष्ट्रिय औद्योगिक पूँजीवादको विकास सहज र सरल छैन। त्यसले परनिर्भर र दलाल चरित्र ग्रहण गर्ने र वर्गीय, क्षेत्रीय असमानता बढाउने सम्भावना बढी हुन्छ। अतः विकसित हुँदै गरेको राष्ट्रिय औद्योगिक पूँजीवादलाई समाजवादको दिशामा उन्मुख गराउनु आवश्यक हुन्छ। सबैलाई शिक्षा र स्वास्थ्य सेवाको ग्यारेन्टी गर्नु र सामाजिक सुरक्षा उपलब्ध गराउनु राज्यको दायित्व हुनुपर्छ। परन्तु बिसौं शताब्दीमा प्रयोग गरिएका राज्य-नियन्त्रित वा नोकरशाही समाजवादका मोडेलहरूको पुनरावृत्ति अब सम्भव छैन। त्यसैले नयाँशक्ति,

नेपालले एक्काइसौं शताब्दीको आवश्यकता र नेपालको विशिष्टता अनुरूपको समुन्नत समाजवादको नयाँ मोडेल विकास गर्नेछ। मार्क्सद्वारा प्रतिपादित र अन्य चिन्तकहरूद्वारा समृद्ध द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी चिन्तनप्रणालीबाट अघि बढेर त्यसको विकास गर्ने प्रयत्न गरिनेछ। त्यो कुनै माथिबाट लादिएको, गरीबी बाँड्ने, व्यक्तिको निजत्व कुण्ठित गर्ने नोकरशाही समाजवाद होइन परन्तु तलैबाट उठेको, समृद्धि बाँड्ने, व्यक्तिको निजत्व प्रष्फुटित गर्ने सहभागितामूलक समाजवाद हुनेछ। नयाँशक्तिले तत्काल उद्यमशील राष्ट्रिय औद्योगिक पूँजीको विकासमा जोड दिँदै समुन्नत समाजवादको आधार तयार गर्नेछ। नयाँ शक्ति, नेपाल कुनै विचार विहीन भुण्ड नभएर मानव जातिले आविष्कार गरेका पछिल्ला ज्ञान र विज्ञानलाई अंगीकार गरेर निरन्तर अगाडि बढ्ने अग्रगामी प्रगतिशील शक्ति हुनेछ।

**अन्तरिम केन्द्रीय परिषद्बाट**
**२०७२ माघ २३ मा पारित**

## ०७२ माघ १० गते जारी गरिएको ऐतिहासिक प्रेस विज्ञप्ति

### नयाँ शक्ति निर्माण अभियानमा सहभागी बनौं !
### वैकल्पिक राजनीतिको आधार तयार गरौं ‼

*प्रिय पत्रकार मित्रहरू !*

सर्बप्रथम हामी नयाँ निर्माण अभियानको यो कार्यक्रममा तपाईंहरूलाई हार्दिक स्वागत गर्दछौं। यो सुखद क्षणमा हामी नेपालको संघीयता, लोकतान्त्रिक गणतन्त्र र परिवर्तनको लडाईंमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण सम्मान तथा श्रद्धाञ्जली अर्पण गर्दछौं। शहीदहरूले देखेको समृद्ध, न्यायपूर्ण र सुशासित नेपाल बनाउने सपना पूरा गर्न हामी बचनवद्ध छौं। यही वाचाकासाथ देश विदेशमा रहनुहुने सबै नेपाली दाजुभाई तथा दिदीवहिनीहरूलाई नयाँ शक्ति निर्माण अभियानमा साथ, सहयोग र सहकार्य गर्नकालागि हार्दिक आह्वान गर्दछौं।

नयाँ शक्ति निर्माण अभियानको तर्फबाट हामीले विगत तीन महिनामा देशका विभिन्न जिल्लाहरूमा अनेकौं छलफल, अन्तरक्रिया र भेटघाटहरू गऱ्यौं। ती भेटघाहरूमा हामीलाई हजारौ मित्रहरूको अपार माया, उत्साह र समर्थन प्राप्त भयो। अनेकौं युवा मित्रहरूले हामीलाई नयाँ शक्ति कस्तो बनाउने ? यसको राजनीतिक विचार, सिद्धान्त र संगठनात्मक प्रणाली कस्तो हुनुपर्छ ? हामी कसरी छोटो समयमै यो देशलाई समृद्ध बनाउन सक्छौं ? जस्ता प्रश्नहरूमा मूल्यवान सुझावहरू दिनुभएको छ। तिनै सुझावहरूको आधारमा हामी अझ धेरै लोकतान्त्रिक, समृद्धि-उन्मुख र सुशासित राजनीतिक दल बनाउन चाहन्छौ। हामी विगतका अनुभवहरूबाट सिक्दै नेपाली राजनीतिलाई जनउत्तरदायी, रचनात्मक, सुशासित र सद्भावपूर्ण बनाउन चाहन्छौं। यसकालागि नयाँ शक्ति निर्माण अभियानलाई सुरूदेखिनै जनताको जुन गहिरो माया, सद्भाव र समर्थन प्राप्त भयो त्यसकालागि हामी आभारी छौं।

हामी जनताको बिश्वासलाई कहिल्यै झुक्न दिनेछैनौं। यही बिश्वासकासाथ नयाँ शक्ति निर्माण अभियानको पहिलो प्रचारात्मक चरण उत्साहपूर्वक समाप्त भएको जानकारी गराउँछौ। दोश्रो चरण राजनीतिक दल निर्माणको चरण हुनेछ। यो चरणलाई संस्थागत, दीगो र ब्यवस्थित गर्न हामीले आजैबाट नयाँ शक्ति, नेपालको अन्तरिम केन्द्रीय परिषद् निर्माण गरेका छौं। केन्द्रीय परिषद्ले दलको पहिलो राष्ट्रिय सम्मेलन आयोजक कमिटी निर्माण, दलको अन्तरिम राजनीतिक तथा सांगठनिक कामहरूको व्यवस्थापन, नयाँ शक्तिको पक्षमा जनपरिचालन र समकालीन राजनीतिक समस्या समाधानकालागि संवादको पहल गर्नेछ। यसैगरी नयाँ शक्ति, नेपालको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौमा सञ्चालन गरिएको समेत सहर्ष जानकारी गराउँछौं।

*प्रिय पत्रकार मित्रहरू !*

नेपालको संविधान २०७२ जारी भएपछि हामी नयाँ युगमा प्रवेश गरेका छौं। मूलतः राजतन्त्र र एकात्मक राज्यको अन्त्य, गणतन्त्र, संघीयता धर्मनिरपेक्षता र समावेशी समानुपातिक लोकतन्त्रको घोषणाले सामन्तवादको राजनीतिक उपस्थिति औपचारिक रूपमा अन्त्य भएको छ। यद्यपि संविधानको घोषणासँगै केही असन्तुष्टिहरू पनि उजागर भएका छन्। यसको अर्थ हाम्रा प्रमुख राजनीतिक कार्यभारहरू फेरिएका छन्। अव राजनीतिक अधिकार प्राप्तिको संघर्ष गौण र आर्थिक अधिकार सहितको राजनीतिक अधिकार मुख्य बिषय बनेको छ। उच्चदरको उत्पादन बृद्धि, भौतिक तथा मानवीय विकास, समन्याय र समृद्धिका साथ प्रत्येक ब्यक्तिको क्षमताको पूर्णउपयोग हुनसक्ने समाजवाद उन्मुख नेपालको निर्माण नेपाली राजनीतिको मुख्य कार्यभार भएको छ। तर यसको अर्थ यो होईन कि आर्थिक समृद्धिको कार्यभारलाई राजनीतिले स्वतन्त्र छोडोस्। त्यसैले उद्यमशील पूँजी निर्माण, पूँजीको न्यायपूर्ण वितरण र समृद्धिकालागि काम गर्नु अवको मुख्य राजनीतिक दायित्व भएको छ। राष्ट्रिय औद्योगिक पूँजीवादको जग निर्माण गर्दै समुन्नत समाजको रचना गर्नु नेपाली राजनीतिको मुख्य कार्यभार हो। उत्पादन र उत्पादकत्वको तीब्र बृद्धि गर्दै न्यायपूर्ण वितरणमा जानु आजको आवश्यकता हो। उत्पादनका साधनहरूमाथिको स्वामित्व र पहूँचलाई न्यायपूर्ण वितरण सहित गरीबी र वेरोजगारीको अन्त्य, महिला, दलित, आदिवासी जनजाति, मधेसी मुस्लिम र पिछडिएको क्षेत्रको सामेलीमा देशलाई समृद्ध बनाउनु आजको लोकतान्त्रिक, न्यायपूर्ण र प्रगतिशील राजनीतिको मुख्य कार्यभार हो। देशको उत्पादनशील युवा श्रमशक्तिलाई स्वदेशमै काम दिने र समृद्धिकालागि युवाहरूको योगदानलाई अगाडि लैजाने दिशामा जानु आवश्यक छ। यो कार्यभारलाई नयाँ शक्तिले पूरा गर्नेछ।

देशमा तत्काल तीनवटा अन्तरद्वन्दहरूको ब्यवस्थापन गर्नु पर्नेछ। पहिलोः अगाडि बढेको औपचारिक राजनीतिक लोकतन्त्र र पछाडि पारिएको आर्थिक आधारको

अन्त्य गर्नुछ। यसलाई सामाजिक न्याय सहितको तीब्र आर्थिक विकास र समृद्धिको कार्ययोजनाले हल गर्नेछ। दोस्रोः देशको जातीय तथा क्षेत्रीय विविधता र विषमताबाट उत्पन्न अन्तर्द्वन्दलाई समाधान गर्नुछ। यसलाई मूलतः समानुपातिक समावेशी आधारमा प्रमुख जातीय समूह खस–आर्य, मंगोलमूलका आदिवासी जनजाति, मधेसी–थारू, मुस्लिम, दलित, अल्पसंख्यक, महिला र युवाहरूलाई न्यायोचित संघीय संरचना र राज्यको अंगहरूमा पुऱ्याउनुछ। सामाजिक पहिचान सहित सहअस्तित्व, समन्याय र आत्मसम्मानको संस्कृति निर्माण गर्नु आजको आवश्यकता हो। तेश्रो दुई ठूला छिमेकी भारत र चीनको बीचमा रहेको भूराजनीतिक अवस्थिति र सम्बन्धले सिर्जना गरेका चुनौति र अवसरहरूको समुचित ब्यवस्थापन गर्नुछ। यसलाई विगतमा जस्तो 'दुई ढुंगाबीचको तरूल'को मानसिकताले हैन 'दुई उदीयमान अर्थतन्त्रहरूबीचको गतिशील पुल'को अवधारणा अन्तरगत काम गर्नुपर्छ। यसकालागि अझ धेरै लोकतन्त्र, राष्ट्रिय एकता, प्रगतिशील राष्ट्रवाद, सुशासन, समावेशीता, समन्याय, समाजवाद र समृद्धिनै हाम्रा राजनीतिक प्राथमिकताहरू हुनेछन्। यिनै प्राथमिकताहरूलाई सैद्धान्तीकरण गर्दै नयाँ धारको वैकल्पिक राजनीति निर्माण गर्नु नयाँ शक्तिको राजनीतिक कार्यदिशा हुनेछ।

*साथीहरू !*

धेरैको जिज्ञासा छ नयाँ शक्ति कस्तो राजनीतिक दल बन्छ ? सयौं अनुभवी राजनीतिक कार्यकर्ता, विद्वान मित्रहरू र उर्जाशील युवाहरूले यो प्रश्नमाथि हामीलाई गम्भीर सुझावहरू दिनुभएको छ। हामी प्राप्त सबै सुझावहरूलाई सम्मानसाथ ग्रहण गर्दछौं। हामीले दस्तावेजहरू लेख्न सुरूवात गरेका छौं। एउटा लोकतान्त्रिक पार्टीकालागि दस्तावेजहरूको लेखन आफैंमा लोकतान्त्रिक हुनुपर्छ। यसर्थ यो प्रकृयामा पनि हामी देश विदेशमा रहनुहने धेरैभन्दा धेरै मित्रहरूको सुझाव लिन चाहन्छौ। आजसम्मका विभिन्न सुझाव र छलफलहरूका आधारमा हामी केही खास निश्कर्षहरूमा पुगेका छौं। जसका आधारमा हामी भन्न चाहन्छौं कि नयाँ शक्ति सहभागितामूलक लोकतन्त्रलाई अभ्यास गर्ने नेपालकै पहिलो दल हुनेछ। त्यसैले यो दल निर्माणको प्रकृया पनि सहभागितामूलक र लोकतान्त्रिक हुनेछ। हामी समाजका हरेक तह र तप्कामा बन्दै गएका हजारौं नयाँ शक्ति अभियानका स्थानीय समूहहरूलाई जोड्दै बिशाल दल बनाउनेछौं। यो प्रकृया माथिवाट तलतिर जाने नभई तलबाट माथि जाने त्रिकोण आकारको हुनेछ।

नयाँ शक्ति मूलतः आधुनिक युगका चुनौति, आवश्यकता, चासो र सरोकारलाई सम्बोधन गर्ने अभिष्टवाट स्थापित राजनीतिक दल हुनेछ। सार्वजनिक जीवनमा विकास, सुशासन, सदाचार, समन्याय, स्वाधीनता, समावेशीता, समृद्धि र समाजवादको कुरा गर्ने दलले आफ्नो पार्टी जीवन पनि तदनुरूप नै बनाउनु आवश्यक हुन्छ। अबको दलले उन्नाइसौं वा बीसौं शताब्दीका संगठनात्मक सिद्धान्तहरूको अनुसरण मात्र

गरेर पुग्दैन बरू यो एक्काईसौं शताब्दीका आवश्यकताहरूबाट निर्देशित हुनुपर्छ। यसका लागि नेपाली जनताका नयाँ चेतना, ज्ञान, आवश्यकता र परिवर्तनका अपेक्षाहरू दलको जीवनमा पनि परिलक्षित गर्ने हाम्रो प्रयत्न हुनेछ।

नयाँ शक्तिले आफूलाई वैकल्पिक राजनीतिक शक्तिको रूपमा निरन्तर विकास गर्दै लैजानेछ। नयाँ शक्तिमा आवद्ध अभियन्ताहरूले दलको संगठनलाई सदैव चलायमान, रचनात्मक र जीवन्त बनाउने छन्। पार्टीलाई परम्परागत प्रतिनिधिमूलक लोकतन्त्र वा निर्देशित जनवादको अभ्यासमा सीमित गरिने छैन। दलभित्र प्रत्यक्ष लोकतन्त्रको अभ्यास गरिनेछ। दलमा सदस्यहरू नै सबैभन्दा उच्च, निर्णायक र सार्वभौम हुनेछन्। सदस्यहरूको सार्वभौमसत्ता नै दलको शक्तिको स्रोत हुनेछ। निश्चित वैधानिक ब्यवस्था अनुसार सदस्यहरूले गर्ने निर्णय नै दलको अन्तिम निर्णय हुनेछ।

हामीलाई थाहा छ दल संरचनाहरूको लोकतान्त्रिक ब्यवस्थापन दलका सदस्य तथा कार्यकर्ताहरूको निगरानी र नियन्त्रणबाट मात्र सम्भव छ। त्यसैले नयाँ शक्तिको दलीय संरचनामा प्रत्यक्ष र परिणाममुखी लोकतन्त्र (म्चभअत म्ष्कयअचबअथ), सुशासन, पारदर्शिता, जवाफदेहिता र विधिको शासनलाई अभिन्न बनाईनेछ। दलमा शक्ति पृथकीकरणको अभ्यास गरिनेछ। एक ब्यक्ति, एक कार्यकारी पद र दुई कार्यकाल, निर्वाचनमा अस्वीकारको ब्यवस्था, नेतालाई फिर्ता वोलाउने हक ९च्ष्नजत तय च्भवभअत बलम च्ष्नजत तय च्भअबणि जस्ता नयाँ ब्यवस्थाले मात्र नयाँ शक्तिको दलीय जीवन नयाँ, अझ लोकतान्त्रिक र जीवन्त हुनेछ। हामी यस्ता नवीन अभ्यासहरूलाई नयाँ शक्ति निर्माण अभियानमा स्थापित गर्न चाहन्छौं।

हाम्रो मुख्य उद्देश्य नै देशलाई समृद्धिको त्यो उचाईमा पुऱ्याउने हो जहाँ उभिएर हामी गर्व गर्न सकौं। हामी सामाजिक न्यायसहितको समृद्धि चाहन्छौ। हामीलाई थाहा छ फोस्रा भाषण, परम्परागत राजनीतिक ढर्रा, सिद्धान्तको वोझ र संकीर्णताबाट जनता मुक्ति चाहन्छन्। समृद्धि नेपाली जनताको मुख्य अपेक्षा हो। हामी यो कार्यभार सहर्ष स्वीकार गर्दछौं। यो कार्यभार पूरा गर्न हामी राष्ट्रिय समृद्धिका प्रारम्भिक, मध्यकालीन र दीर्घकालीन योजनाहरू बनाउनेछौं। यसकालागि हामीले देश विदेशमा क्रियाशील बिषयविज्ञहरूसँगको परामर्शलाई निरन्तरता दिनेछौं। यो काममा हामी सबैको, सदैव उत्कृष्ट विचारहरू सुन्न आतुर छौं।

*प्रिय मित्रहरू !*

आजबाट हामीले नयाँ शक्ति, नेपालको २६५ सदस्यीय अन्तरिम केन्द्रीय परिषद् घोषणा गरेका छौं। साथै आजैबाट हामीले नयाँ शक्ति, नेपालको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा सञ्चालनमा ल्याएका छौं। परिषद्ले दल निर्माणको सम्पूर्ण प्रकृयालाई लोकतान्त्रिक र संस्थागत गर्दै अगाडि लैजाने छ। परिषद्ले केही महिनामै राष्ट्रिय भेलाको आयोजना गरी पहिलो राष्ट्रिय महाधिवेशन आयोजक कमिटीको

गठन गर्नेछ। सो कमिटिले दलको पहिलो र ऐतिहासिक महाधिवेशन सम्पन्न गर्नेछ। दलको पहिलो महाधिवेशनपछि मात्र दल निर्माणको पहिलो र युगीन कार्यभार पूरा हुनेछ। यसैगरी दलको केन्द्रीय कार्यालय सञ्चालनकालागि सानो समूहले आजैबाट काम सुरू गरेको छ।

यद्यपि यी कुनै पनि संरचना स्थायी होईनन्। यी सबै दलका कामलाई ब्यवस्थापन गर्दै लैजाने अन्तरिम संरचनाहरू मात्र हुन्। हामी केही सीमित ब्यक्तिहरूले पार्टी स्थापना गर्ने प्रकृयामा नभई हजारौ संस्थापक हुने दल निर्माणको प्रकृयालाई स्थापित गर्न गइरहेका छौं। आशा छ हाम्रो यो अभियानमा देश विदेशका सम्पूर्ण दाजुभाइ, दिदीवहिनी, सामाजिक तथा राजनीतिक कार्यकर्ता, बिषयविज्ञ र सबै शुभेच्छुकहरूको सद्भाव र सहभागिता रहनेछ। हामी स्वस्थ राजनीतिक प्रतिस्पर्धा र रचनात्मक साझेदारीको पक्षमा छौं। हामी पूर्वाग्रहपूर्ण राजनीतिको अन्त्य चाहन्छौं। हामी चाहन्छौं नेपाली राजनीति नयाँ संस्कृति, नयाँ शैली र नयाँ जिम्मेवारीवोधको युगतर्फ प्रवेश गरोस्। यसकालागि हामी वैचारिक र ब्यवहारिक रूपमै अगुवाई गर्न चाहन्छौं।

*प्रिय साथीहरू !*

हामी ईतिहासलाई नयाँ आयाम दिन चाहन्छौं। हामीलाई थाहा छ, नयाँ शक्ति निर्माण हाम्रो जिम्मामा आएको ऐतिहासिक दायित्व हो। देश र जनताको समृद्धि बाहेक हाम्रो कुनै निजी अभिष्ट छैन। यसकालागि हामी निरन्तर सचेत प्रयत्न गरिरहने छौं। हामीलाई बिश्वास छ नेपाली जनताको अपार सहयोग, सद्भाव र ऐक्यवद्धताबाट हाम्रो लक्ष्य पूरा हुनेछ। हामी समृद्ध नेपालको महान लक्ष्यकालागि सबै न्यायप्रेमी र परिवर्तनकामी जनतासँग हातेमालो गर्न तयार छौं।

**डा. बाबुराम भट्टराई**
**संयोजक**
**अन्तरिम केन्द्रीय परिषद्**
**नयाँ शक्ति, नेपाल**

प्रकाशक
नयाँ शक्ति, नेपाल
सूचना, सञ्चार, प्रचार तथा प्रकाशन विभाग
केन्द्रीय कार्यालय
बबरमहल, काठमाडौ